# नेपाल दूरसञ्चार प्राधिकरणको
# ग्रामीण दूरसञ्चार विकास कोष व्यवस्थापन सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१।०४।३०)**

यस प्राधिकरणको ग्रामीण दूरसञ्चार विकास कोष तर्फको लगानी योग्य रकम ६ महिनाका लागि मुद्दती खातामा र केही रकम कल खातामा समेत लगानी गर्नुपर्ने भएकोले तपसिलका विवरणहरू खुलाई नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त 'क' वर्गका वाणिज्य बैंकहरूले आफूले राख्न चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याज दर समेत खुलाई मिति २०८१।०५।०६ गते बिहीबार बेलुकी ५:०० बजेभित्र यस प्राधिकरणको आर्थिक प्रशासन शाखामा सिलबन्दी कोटेसन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) **सिलबन्दी कोटेसनको आवेदनका साथ उल्लेख गर्नुपर्ने सूचकाङ्कहरू (Indicators) :**

1. Capital Adequacy Ratio
2. NPL- Non Performing Loan Percentage
3. Credit Capital Deposit Ratio
4. Statutory Liquidity Ratio (SLR)
5. Net Liquidity Ratio (NLR)

(ख) **सिलबन्दी कोटेसनसँग सम्बन्धित अन्य आवश्यक सूचनाहरू :**

१. माथि उल्लिखित सूचकाङ्कहरू २०८१ आषाढ मसान्त वा २०८० चैत्र मसान्तको प्रकाशित वित्तीय विवरणको आधारमा हुनुपर्नेछ।

२. प्रस्तावित ब्याज दर कम्तीमा १५ दिनसम्मका लागि कायम (Valid) हुनुपर्नेछ।

३. माथि (क) र (ख) मा माग गरिएको विवरणहरू उपलब्ध नगराउने बैंकहरूको प्रस्ताव स्वतः रद्द हुनेछ।

**नेपाल दूरसञ्चार प्राधिकरण**
**जमल, काठमाडौं।**
**फोन नं. ९७७-०१-५३५५४७४**